मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

# बाल विवाह अन्त्यका लागि स्थानिय रणनिति तथा कार्ययोजना(२०८०-०८५)

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नगर कार्यपालीकाबाट स्वीकृत मिती – २०८१।०६।०७
प्रमाणिकरण मिति – २०८१।०६।०७

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## बाल विवाह अन्त्यका लागि स्थानिय रणनिति तथा कार्ययोजना(२०८०-०८५)

**प्रतिलिपी अधिकार**:मेलौली नगरपालिका, बैतडी

यो प्रकाशन नेपाल सरकार, मेलौली नगरपालिका, पीसविननेपाल/VSO तथा UNFPA को सहकार्यमा प्रकाशित भएको छ।

**मस्यौदा तयारी कार्यदलः**

श्री नारायण बहादुर चन्द, स्वास्थ्य संयोजक, आधारभूत स्वास्थ्य तथा सरसफाइ शाखा

श्री मनु कुमारी क्षेत्री, शिक्षा अधिकृत, शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख

श्री लक्ष्मी भट्ट, महिला विकास नीरिक्षक,महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

**सल्लाहकार :**

नगर प्रमुख : श्री भीम बहादुर चन्द

नगर उपप्रमुख : श्री पार्वती बोहरा बिष्ट

प्रमुख प्रशासकीय अधिकृत: श्री सपना कार्की

**प्राविधिक सहयोग/ परामर्शदाताहरुः**

श्री हेमन्त कुमार शाही

श्री देवीलाल उपाध्याय

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## विषय सुचि


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | ७ |
| २. | वालिवबाह अन्त्य सम्वन्धि अर्न्तराष्ट्रिय प्रतिबद्धता | ७ |
| ३. | नेपालमा वालविबाह सम्बन्धि कानूनी ब्यवस्थाहरु | ८ |
| ४. | बालबिवाहको बर्तमान अवस्था | ९ |
| ५. | मेलौली नगरपालिकाको परिचय, बर्तमान अवस्था, नीति, रणनीति र योजनाहरु | १० |
| ६. | रणनीति तर्जुमा प्रक्रिया | ११ |
| ७. | बालविवाहका मुख्य कारणहरु र परिणामहरु विश्लेषण | ११ |
| ८. | रणनीतिको औचित्य | १२ |
| ९. | रणनीतिका सिद्धान्तहरू | १३ |
| १०. | रणनीतिको दुरदृष्टि, ध्यये, लक्ष्य र उद्देश्यहरु, अपेक्षित उपलब्धिहरु | १३ |
| | क) रणनीतिको दुरदृष्टि: | |
| | ख) रणनीतिको ध्यये: | |
| | ग) रणनीतिको लक्ष्य : | |
| | घ) रणनीतिका उद्देश्यहरु : | |
| | ङ) रणनीतिका अपेक्षित उपलब्धिहरु: | |
| ११. | रणनीति तथा कार्यनीति/कार्यदिशा | १४ |
| १२. | अनुगमन तथा मूल्यांकन | १६ |
| १३. | संस्थागत संरचना: | १८ |
| १४. | रणनीति कार्यान्वयनकालागि सरोकारवालाहरुको भुमिका | १९ |
| १५. | समन्वय तथा सहकार्य | २० |
| १६. | स्रोत ब्यवस्थापन | २१ |
| १७. | अनुमानित बजेट सहितको आगामी पाँच वर्षे कार्ययोजना | २२ |
| १८. | अनुसूचिहरु | २८ |
| | क) मुख्य सम्भावित थप क्रियाकलापहरुको सूचि | २८ |
| | ख) नगरपालिका वैठकका उपस्थिति र माइन्यूटहरु | २९ |
| | ग) रणनीति योजना तर्जुमाका फोटोहरु | ३२ |
| | घ) संक्षिप्त शब्दावलीहरुको जानकारी | ३३ |
| | ङ) सन्दर्भ सामग्रीहरु | ३४ |

## पृष्ठभूमिः

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सबै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधान २०७२ ले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । "नेपालकोसंविधान २०७२"को धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ ।मुलुकी देवानी संहिता ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमापरिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः खारेज हुने व्यवस्था छ । बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको तथ्य राष्ट्रिय जनगणना २०७८ तथा अन्य विभिन्न अध्ययनहरुबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन् । बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सन्दर्भमा बाल विवाहले उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बालविवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका तथा महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, शुसंस्कृत एवं समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक बनेको पाइन्छ ।

नेपालको सन्दर्भमा वालविबाह विकासको मुख्य चुनौतिका रुपमा रहेको छ । तसर्थ, नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय रसरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीकोव्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ ।यसका साथै दिगो विकासका लक्ष्यहरु (२०१६–३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेशगरिएको छ । सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति २०७२ कोकार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत नेपाल सरकारका ११मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारीभूमिकाको अपेक्षा गरिएको छ ।

## १. वाल बिवाह अन्त्यकालागि अन्तराष्ट्रिय प्रतिबद्धताः

विश्वव्यापीस्तरमा समाजमा विद्यमान हानिकारक अभ्यासहरु रहेका छन् । जसले समाजलाई विकासको मार्गमा अगाडी बढन तगारोको काम गरी रहेको छ । यस्ता अभ्यासहरुलाइ निरुत्साहित गर्न अन्तराष्ट्रिय स्तरमा देहाय बमोजिमका प्रतिवद्धताहरु रहेका छन् ।

- समाजमा विद्यमान हानिकारक प्रचलहरु सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (२०१६—२०३०) मा समेत हानिकारक प्रचलन अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ ।
- महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, CEDAW ( Convention on the Elimination of ALL Forms of Discrimination Against Women)
- नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६,
- यातना विरुद्धको महासन्धि, १९८४
- बालअधिकार सम्बन्धी महासन्धि(CRC, 1989), १९८९,
- जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना,१९९४(Program of Action adopted at the International Conference on Population and Development, 1994)

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

भिम बहादुर चन्द
नगर प्रमुख

- चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Deceleration and Platform for Action)लगायतसार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न महासन्धिरईच्छाधिन आलेखहरु मार्फत नागरिकहरुको आधारभूत अधिकारहरु बिषेशतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ।
- सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुन विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह–प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो। त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह , कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०३० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ।
- बाल विवाह विरुद्धको प्रयास सार्कसंग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC)को एक रणनीतिक कार्यक्षेत्र पनि हो। यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५—२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018)तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ।
- यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आब्हान" (Kathmandu Call for Action to End Child Marriage in South Asia)पनि पारित गरिएको छ।

## २. नेपालमा वालविबाह सम्बन्धि कानुनी ब्यवस्थाहरुः

नेपालले वालबिवाहको अन्त्यका लागि अन्तराष्ट्रिय महासन्धि, सन्धि तथा प्रतिबद्धता र नेपालको संविधानले प्रदान गरेको मौलिक हक कार्यान्वयन गर्न देहाय अनुसारका कानूनी प्रावधानहरु तय गरि प्रभावकारी कार्यान्वयनमा जोड दिएर सन् २०३० सम्ममा वालविबाह अन्त्य गर्ने घोषणा गरेको छ।

नेपालको संबिधान २०७२ भाग ३मा गरिएको मौलिक हक र कर्तब्यमा रहेका धाराहरुले विद्यमान हानिकारक अभ्यासहरूलाई न्यूनीकरण गर्न मार्गचित्र प्रस्तुत गरेको छ | त्यसैगरि नेपालको संविधानको धारा ३८ को उपधारा (३)ले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य,मनोवैज्ञानिक वा अन्य किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरि त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपुर्ति पाउने हकको समेत संबैधानिक व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने गरि बालबालिकाको हकको रुपमा स्थापित गरेको छ|

त्यसैगरि नेपालमा बालबालिकाको अधिकार सुनिश्चित गर्न थुरै कानूनी व्यवस्था गरिएको छ, जसमा बालबालिका सम्बन्धी ऐन २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५६, स्थानीय सरकार संचालन ऐन, २०७४ बालबालिकाका निम्ति विशेष ऐनका रुपमा रहेका छन् भने, मुलुकी अपराध (संहीता) ऐन, मुलुकी देवानी (संहीता) ऐन, २०७४ को दफा १७३, बालबालिका सम्बन्धि निति २०६९ समग्र राष्ट्रिय कार्ययोजना २०७०।७१–०७४।७५ लगायत अन्य धेरै ऐन तथा निति नियमहरुमा बालबालिकाका सम्बन्धी थुप्रै व्यवस्थाहरु भएको पाइन्छ। यस अतिरिक्त बालन्याय (कार्यविधि) नियमावली, २०६३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका अर्को तहका दस्तावेजहरु रहेका छन्। मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६,कमैया (श्रम निषेध गर्ने) सम्बन्धी एने , २०५८, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, बाल हेल्पलाइन संचालन कार्यविधि २०६४, निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकिकृतका साथै हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि निःशुल्क फोन नं. १०४ सहित बालाबालिका खोजतलास केन्द्र संचालनमा रहेका छन्। बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित एने कानूनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरुबाट कार्यान्वयनमा रहेकाछन्। यसका साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्ताेवेज को रुपमा रहेको पाईन्छ।

## ३. बालविबाहको बर्तमान अवस्थाः

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

भिम बहादुर चन्द
नगर प्रमुख

नेपाल बालविवाह गर्ने दक्षिण एशियाली मुलुकका प्रमुख देशहरु मध्ये बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार, नेपालमा ०.१% वालक ०.५% बालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ । त्यसै गरि १० देखि १४ वर्षका ३% वालक तथा १०% वालिकाको विवाह भएको पाइन्छ भने १५-१७ वर्षको उमेरमा १२% किशोर तथा ३०% किशोरीहरुको विवाह भएको र १८-२०वर्ष उमेर समूहमा ३३%(२३,१८,००६ जना)किशोर र ३६%(३१,९३,६२० जना) किशोरीहरुको विवाह भएको पाइन्छ । विशेषगरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ । सुदरपश्चिम प्रदेशका विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बझाङ, दार्चुलामा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ । राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समुदायका साथै सीमान्तकृत समूहहरु जस्तैः दलित, जनजाती र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ ।

त्यसैगरि राष्ट्रिय जनगणना २०७८ अनुसार, सुदुरपश्चिम प्रदेशमा पनि वालविवाहको दर उच्च रहेको देखिएको छ । यस प्रदेशमा ०.१% वालक ०.८% बालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ । त्यसै गरि १० देखि १४ वर्षका ४% वालक तथा १३% वालिकाको विवाह भएको पाइन्छ भने १५-१७ वर्षको उमेरमा १५% किशोर तथा ३२% किशोरीहरुको विवाह भएको र १८-२०वर्ष उमेर समूहमा ३७.६%(२,२८,१५४ जना) किशोर र ३७.३% (३,०५,२१३ जना) किशोरीहरुको विवाह भएको पाइन्छ । सहरी क्षेत्र भन्दा ग्रामिण भेगमा बालविवाहको दर बढि भएको देखिन्छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार बैतडी जिल्लाको जनसंख्या २४२१५७ रहेको छ । यस मध्ये महिला ५३% र पुरुष ४७% रहेका छन् ।यस जिल्लामा ०.१% वालक १.४% बालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ । त्यसै गरि १० देखि १४ वर्षका ४% वालक तथा १५.६% वालिकाको विवाह भएको पाइन्छ भने १५-१७ वर्षको उमेरमा १४% किशोर तथा ३२% किशोरीहरुको विवाह भएको र १८-२०वर्ष उमेर समूहमा ४१%(२२,१३९ जना) किशोर र ३९% (२८,८०४ जना) किशोरीहरुको विवाह भएको पाइन्छ। बैतडी जिल्लामा समग्रमा २० वर्ष मुनिकै उमेर ६५ प्रतिशत विवाह हुनेगरेको पाइएको छ ।

**तालिका १: वैतडी जिल्लाको वालविवाहको अवस्था**




: राष्ट्रिय जनगणना, २०७८

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

## ४. मेलौली नगरपालिकाको परिचय,वर्तमान अवस्था, नीति, रणनीति र योजनाहरुः

नेपाल सरकारको मिति २०७३ फागुन २२ गतेको निर्णय अनुसार प्रारम्भमा साविकका मेलौली, महारुद्र, बिशालपुर, दुर्गास्थान (१,२,३,८ र ९ वडाहरु), सलेना, शिवनाथ(६,७, ८ र ९ वडाहरु), रोडिदेवल(४,५,६ र ७ वडाहरु), गा.वि.स.हरु समावेस गरी मेलौली नगरपालिका घोषणा भएको थियो । नेपालको संविधान, २०७२ लागू भए संगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारकै मिति २०७३ फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार मेलौली नगरपालिकाको क्षेत्र विस्तार गरिएको छ । नेपालको संविधान २०७२ अनुसार सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने यो नगरपालिका बैतडी जिल्लाका ४ वटा नगरपालिका मध्येको एक हो । बैतडी जिल्लाको दक्षिण–पश्चिम भागमा पर्ने यस नगरपालिकाको केन्द्र मेलौली वजार जिल्ला सदरमुकाम बैतडीबाट करिव ३५ किलोमिटरको दुरीमा पर्छ । नयाँ संरचना अनुसार यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको पूर्वमा मेलौलीनगरपालिका तथा डडेल्धुरा जिल्लाको अजयमेरु गाउँपालिका, पश्चिममा शिवनाथ गाउँपालिका तथा पञ्चेश्वर गाउँपालिका, दक्षीणमा डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिका र उत्तरमा दशरथचन्द नगरपालिका रहेकाछन् । राष्ट्रिय जनगणना २०७८ अनुसार,यस नगरपालिकामा ४५३६ घरपरिवार वसोवास गर्दछन् । नगरपालिकाको को कुल जनसंख्या २०,६५८ रहेको छ । जसमा पुरुषको संख्या ९,५०१ र महिलाको जनमंख्या ११,१५७ रहेको छ ।मेलौली नगरपालिकाको वालविवाहको अवस्था हेर्दा०.२% वालक १.९% बालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ । त्यसै गरि १० देखि १४ वर्षका ४% वालक तथा १८% वालिकाको विवाह भएको पाइन्छ भने १५-१७ वर्षको उमेरमा १२% किशोर तथा ३१.५% किशोरीहरुको विवाह भएको र १८-२०वर्ष उमेर समूहका किशोरहरुको जम्मा संख्याको ३६.६%(१६०९ जना) किशोर र उक्त उमेर समुहका जम्मा किशोरीहरुको संख्याको ३५.४% (२,२६६ जना) किशोरीहरुको विवाह भएको पाइन्छ । त्यसैगरि यस नगरपालिकाको समग्र वालविवाहको दर क्रमशः १५, १८ र २० वर्ष मुनि विवाह हुने प्रतिशत २%, १७% र ६०% रहेको छ, जुन समग्र वैतडी जिल्लाका तथ्याङ्क भन्दा ५% कम रहेको छ भने दशरथचन्द नगरपालिका पछिको कम वालविवाह हुने पालिकाका रुपमा रहेको छ ।

तसर्थ मेलौलीनगरपालिकाले यथार्थ सूचनाका आधारमा वालवालिकाहरूको आधारभुत अवस्था पहिचान गरी उनीहरूका चाहाना र आवश्यकता क्रमिक रुपले पुरा गर्दै यस नगरपालिकालाई वालमैत्री नगरपालिकाको रुपमा विकास गर्न सरोकारवालाहरुको सहभागितामा बाल विवाह अन्त्य गर्ने रणनिति तयार गरी सोहि बमोजिम नगरपालिकालाई वालवालिकाहरूको तमाम अधिकारहरूलाई परिलक्षित गरि सोहि अनुसारका कार्यक्रम तथा योजनाहरू सञ्चालन तथा ब्यवस्थापन गर्ने अठोट र प्रतिवद्धताका साथ यो रणनिति योजना तयार गरिएको छ ।यद्यपी मेलौली नगरपालिकामा हानीकारक प्रचलनहरुको कार्ययोजना वनाइ अन्त्य गर्ने अभियान संञ्चालनमा ल्याएको छ । जस अन्तरगत विभेदपूर्ण लिंग छनौट अन्त्यका लागि मेलौली नगरपालिकाको पञ्चबर्षीय कार्ययोजना(२०८०/८१–२०८५/८६) स्वीकृत गरि लागु गरिएको छ ।
नेपाल सरकारले तय गरेका कानुनी प्रावधानहरु तथा विभिन्न सरोकारवालाहरुको सहभागितामा संचालित सचेतनामुलक कार्यक्रमका कारण जिल्लामा बालविवाह, प्रचलन क्रमशः कम भएको आमसञ्चारको माध्यमबाट सुन्न पाइन्छ, तर जिल्लाको सबै क्षेत्र वा समुदायमा उमेर नपुगी विवाह गरिदिने चलन रहेको छ । यद्यपी अहिले बालबालिकाहरुको विवाह गरिदिने भन्दा पनि उनीहरु आफै विवाह गर्ने प्रचलन बढ्दो छ । कतिपय अवस्थामा बालबालिकाका घटना उजागर हुदैनन् । तर पनि संघसंस्था र समाचार माध्यमले यस्ता घटनाहरुलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् ।

यस नगरपालिकामा मागि विवाह वा जवरजस्ति गरिने विवाह विगत तीन चार बर्ष देखिनै न्यूनिकरण हुदै आएको छ । यस्तो रुपमा गरिने विवाह अहिले विरैले हुनेगर्दछन् र कहाँ हुन्छ भन्ने पनि जानकारीमा आउँदैन् । बालविवाह सम्बन्धि भएका कानुनी सचेतना र सामाजिक परिचालनका अभ्यासले गर्दा मागि विवाह वा जबरजस्ती हुने विवाहमा कमि आएको हो । तर किशोर किशोरीले देखासिकि र यो उमेरमा हुने विपरित लिंगी आकर्षणका कारण विवाह गर्ने प्रचलन बढ्दो छ । त्यस्ता विवाह औपचारिक रुपमा सामाजिक संस्कार अनुरुप हुने गरेका छैनन् । जति विवाह हुन्छन् लुकिछिपि हुने र अन्त्यमा गर्भाधारण भईसकेपछि सार्वजनिक हुने गरेको अवस्था देखिन्छ । कतिपय हुन लागेका विवाह स्थानीय तहको प्रयासमा रोकिएका पनि छन् । कानुनी कार्वाहीको डरले तत्काल अलग अलग बस्ने सम्झौतामा सम्बन्ध विच्छेद भए पनि केहि समय पछि संगै बस्ने गरेका उदाहरणहरु प्रशस्त भेटाउन सकिन्छ । यसले गर्दा उमेर नपुगी हुने विवाहमा कमि आउनुको साटो सामाजिक तथा कानुनी रुपमा औपचारिक मान्यता दिनु अगावै संगै बस्ने, बच्चा जन्मिने तथा गर्भाधारण हुने गरेकाले कानुनको प्रभावकारी परिपालनामा चुनौति रहेको देखिन्छ ।

बालविवाहको अवस्था पत्ता लगाई प्रभावकारी रणनीति तयार पार्नको निमित्त यस रणनितिको मस्यौदा गर्दा समुदाय स्तरमा केही समुह लक्षित छलफल तथा जिम्मेवार व्यक्तिहरु संग अन्तरवार्ता गरेको थियो । उक्त छलफल तथा अन्तरवार्ताले समुदायस्तरमा बाल विवाह हुने गरेको र विगत बर्ष भन्दा आधाले बाल विवाहमा कमि आएको बताउनु भयो । बाल विवाह परिवारका मान्छेहरुले गरिदिने स्थितिमा धेरै कमि आएको कुरा भन्नु भयो भने उमेर नपुगि गरिने विवाहमा उहाँहरुको २० बर्षे उमेरहद बढी भएको र हाम्रो सामाजिक र साँस्कृतिक प्रचलन अनुसार

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

यो अवधिमा बढी विवाह हुने गरेकाले उमेर नपुगि गरिने विवाह तथ्यांकमा बढी देखिने गरेको कुरा समेत गर्नुभयो यद्यपी अहिले १८ बर्ष भन्दा मुनिको विवाहमा नगरपालिका र स्थानिय संघ संस्थाहरुको प्रयासले निकै कमि आएको कुरा बताउनु भयो । छलफलकै क्रममा उहाँहरुले केटाभन्दा केटीहरुले कम उमेरमा विवाह हुने गरेको बताउनु भयो ।

## ५. रणनीति तर्जुमा प्रक्रिया :

नेपाल सरकारको बालविवाह अन्त्यका लागि निर्माण गरेको राष्ट्रिय रणनिति अनुसार यस नगरपालिकाले बाल विवाह अन्त्यगर्नकालागि स्थानीय रणनीति २०८० तयार गरेको छ । जस्का लागि स्थानियतहमा सरोकारवाला निकायहरुको सहभागितामा विभिन्न ४ चरणमा छलफल गरि तयार पारिएको मस्यौदालाई पृष्ठपोषण गरि अन्तिम रुप दिइएको  छ । स्थानीय तहमा वालविवाह न्यूनिकरण गर्न हालसम्म भएका विभिन्न प्रयास र उपलब्धिहरुको खोज तथा अनुसन्धान गरि तथ्यपरक रुपमा यस रणनीति तर्जुमा गरिएको छ । रणनीति तयार गर्दा नगरकार्यपालिका र वडा समिति तथा नगरपालिका स्थित विषयगत शाखाहरु र स्थानिय बालअधिकार समितिले बालविवाह न्यूनिकरणकालागि विगतमा गरेका अभ्यास र समुदायका विभिन्न तहका सामाजसेवी, स्थानीय बुद्धिजीवि, राजनितिज्ञ सहित जनप्रतिनिधिको सुझावलाई आत्मसाथ गरि यो रणनीति तयार पारिएको छ । यसका साथै केही मुख्य सुचनादाता संगको अन्तवार्ता र लक्षित समुह छलफल गरि आएका सल्लाह तथा सुझावहरुलाई समेत यस रणनीतिमा समेटिएको छ। यो रणनीति तयार पार्न तपशिलको प्रक्रिया अपनाइएको थियो ।

१. नगर पालिकास्तरका सरोकारवालाहरुको बैठक वसी बालबिवाह अन्त्यकोलागि रणनीति तयार गर्न मस्यौदा निर्माण समिति गठन

२. रणनीति योजनाको मस्यौदा निर्माणको लागि स्वतन्त्र परामर्शदाता छनौट तथा परिचालन

३. सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल सरोकारवाला निकायहरु (कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु, स्वास्थ्य, शिक्षा, महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख, किशोरी समूह, स्थानीय प्रहरी,  पिसविन,भीयसओं र युयनएफपिए लगायतका प्रतिनिधिहरु) को सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तरक्रिया तथा छलफल

४. बाल समुह, बाल अधिकार समिति र लक्षित समूहसँग छलफल र अन्तरक्रिया संचालन ।

५. प्रारम्भिक गोष्ठीमा नगरपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।

६. बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाडँ फाँड ।

७. नगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह अन्त्यकालागि स्थानीय रणनीति प्रारम्भिक मस्यौदा लेखन र नगरपालिका स्तरका सरोकारवालाहरु बिच मस्यौदा पेश र छलफल । नीतिगत कानूनी तथा अन्य सल्लाह सुझाव संकलन ।

८. नगरपालिका स्तरको रणनीति मस्यौदा कार्यपालिकामा पेस तथा छलफल गरी बालविवाह अन्त्यकालागि स्थानीय रणनीति २०८० पारित गरि लागु गरियो ।

नेपालले बाल अधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र मेलौलीनगरपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै नगरपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी मिति २०८०/०७/देखि लागू गरिएको छ ।

## ६. बालविवाहका मुख्य कारणहरु र परिणामहरु विश्लेषण :

बालविवाह विद्यमान रहनुमा धेरै कारणहरु छन् भने परिणामको रुपमा बालबालिकाको अधिकार हनन्, बालापन शोषण, सामाजिक आर्थिक परिस्थितिमा नकारात्मकता र देशका भावी कर्णधारहरुको उचित शिक्षा दीक्षा नहुनु रहेको छ । बालविवाहको अवस्था अध्ययनका लागि गरेको लक्षित समूह छलफल, सरोकारवालाहरुसँगको छलफल तथा अन्तरकृया, मुख्य व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस मेलौली नगरपालिकामा बालविवाह हुनुका मुख्य कारणहरु र तिनका प्रभावहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

**७.१ बालविवाहका मुख्य कारणहरु :**

१. साथीहरुको लहलहैमा लाग्नु र साथीहरुको दवावलाई नकार्न नसक्नु ।
२. बालविवाह दण्डनीय अपराध भएको बारेमा सचेतनाको कमी ।
३. उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको बारेमा जानकारीमा कमी ।
४. बालबालिका सम्बन्धी विद्यमान नीति, कानून र रणनीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।
५. किशोरकिशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी ।
६. किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव ।
७. विवाह सम्बन्धी परम्परागत गलत मूल्य मान्यताहरु ।
८. गरिबी, परिवारिक दबाव साथै छोरीलाई बोझको रुपमा लिने पितृसत्तात्मक सोच ।
९. गरगहना लगाउन पाइने, प्रेमले भरिपूर्ण जीवन र विवाहपछि विद्यालय जान नपर्ने सोचाई ।
१०. २० वर्षभन्दा कम उमेरमा हुने विवाहवाट हुनसक्ने हानि र समस्याको वारेमा परिवार एवं बालबालिकाहरु अनविज्ञ भएको ।
११. किशोरकिशोरीले विवाहलाई योजना भन्दा घटनाको रुपमा स्विकार गरेको ।
१२. अभिभावकबाट मागि बाल विवाह रोकिएता पनि भागि विवाहमा अभिभावकले नै स्वीकार गर्ने प्रवृत्तिले बाल विवाहलाई प्रशय मिलेको ।
१३. किशोरकिशोरीले सामाजिक संजाल संचार साधानको प्रयोग मार्फत बाल विवाह गर्ने गरेका ।

**७.२. बाल विवाहका मुख्य असरहरु:**

१. पारिवारिक माया ममताबाट बञ्चित भई उमेर नपुग्दै पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने ।
२. किशोर किशोरी अवस्थामा शिक्षामा गुणस्तर कम हुदै जाने र विद्यालय शिक्षामा निरन्तरता दिन नसक्नु र भावी दिनहरुमा बेरोजगारीको चपेटामा पर्नु ।
३. बाल अधिकारको हनन् भई विभिन्न प्रकारका शोषणहरुको शिकार हुनु ।
४. बाल मजदुरीको दलदलमा फस्नु ।
५. किशोरीहरुको शारीरिक, प्रजनन, बौद्धिक र मानसिक स्वास्थ्यमा प्रतिकुल असर पर्नु ।
६. कम तौल र अपरिपक्व बच्चाको जन्म हुनु र गर्भवती तथा सुत्केरी अवस्थामा विभिन्न जटिलता आई आमा र बच्चा दुबैको ज्यान समेत जान सक्ने खतरामा पर्नु ।
७. बाल विवाह गर्ने गराउनेलाई कानूनले दण्डको व्यवस्था गरेता पनि दण्ड दिने प्रक्रियामा बालविवाहको मुद्दा नपुगेको अवस्था छ ।

## ७. रणनीतिको औचित्य:

नेपालले बाल विवाहलाई दण्डनीय अपराध माने तापनि यो प्रचलनलाई अझै पूर्णरुपमा हटाउन सकेको छैन । नेपालको संविधानले महिला तथा बालबालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसका साथै संविधानतः बालवालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविबाह अन्त्यका लागि प्राथमिकताकासाथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएको छ । नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पूरा गर्नका लागि पनि बाल विवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।

बालविबाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुंदा सरकारका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं वालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरुवीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने र प्रतिबद्धता सहितको कार्ययोजनाको आवश्यकता छ । बाल विवाहको अन्त्य गर्ने र बाल विबाहको कारणवाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई उनीहरुको सर्वाङ्गिण विकासका साथै नगरपालिकाको विकासमा समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता छ ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

भिम बहादुर चन्द
नगर प्रमुख

नगरपालिकाले बालमैत्री पालिका बनाउने र बालविवाहलाई न्युनीकरण गर्ने भन्ने मेलौली नगर कार्यपालिकाबाट नीतिगत निर्णय गरेकाले यसलाई मुर्त रुप दिन आवश्यक रहेकोछ।

## ८. रणनीतिका सिद्धान्तहरू :

देहायका सिद्धान्तमा आधारमा यो रणनीति तर्जुमा गरिएको छ।

क) **बालबालिकाको सर्वोत्तम हित:** बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ।

ख) **बाल बचाउ र विकास:** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ।

ग) **बालसंरक्षण:** बाल विवाह, बेचबिखन तथा ओसारपसार, बन्धक बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ। ।

घ) **समानताको अधिकार:** प्रत्येक बालबालिकालाई उसको लिंग, धर्म, उमेर, जातीयता, सामाजिक–आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा विभेद रहित समान अधिकार हुनुपर्दछ।

ङ) **किशोर किशोरीहरुको अर्थपूर्ण सहभागिता:** किशोरकिशोरीहरुसँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ। खासगरी बालिका तथा किशोरीहरूको सशक्तिकरणले निर्णय प्रकृयामा उनिहरुको सहभागिता बृद्धि भई समाजमा महत्व बढाउन योगदान पुग्छ।

च) **शुन्य सहनशीलता:** यो रणनीतिले वालविवाहको सवालमा शुन्य सहनशीलताको सिद्धान्तलाइ अंगिकार गर्दछ।

छ) **पिडित तथा प्रभावीतको संरक्षण :** यो रणनीतिले विशेषगरि करकापमा परेर वालविवाहवाट प्रभावित वनेका, वालविवाहका कारण हिंसामा परेका र वालविबाहको जोखिममा रहेका किशोरीहरुको संरक्षण गरि सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्म सम्मानपूर्ण ब्यवहार गर्नुपर्ने विषयलाइ उच्च प्रार्थमिकता दिन्छ।

ज) **न्यायमा पहुँच तथा द्रुत न्याय:** यो रणनीतिले वालविवाहवाट प्रभावितहरुमा लागि द्रुत न्यानको सिद्धान्त अनुसार न्याय दिलाउने मान्यतालाइ प्राथमिकता दिन्छ।

झ) **साझेदारी र सहकार्य:** यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, गैरसरकारी संस्थाहरु, राजनीतिक, सामाजिक र धार्मिक क्षेत्रका अगुवाहरु संगको समन्वय, सहकार्य तथा साझेदारीलाइ प्राथमिकता दिईने छ।

ञ) **परिवर्तनको सिद्धान्त:** यो रणनीतिले लैङ्गिक विभेद र हानीकारक परम्पराका उपजका रुपमा रहेको वालविवाहको अन्त्यका लागि लैङ्गिकता, जातीयता, सामाजिक आर्थिक दूरावस्था र उत्पत्तिका आधारमा हुने भेदभाव अन्त्य गर्न अत्यन्तै जरुरी रहेकोले नकारात्मक सामाजिक मूल्यमान्यता सोच र ब्यवहारमा परिवर्तन आवश्यक छ भन्ने कुरामा जोड दिन्छ। यो रणनीति परिवर्तनको सिद्धान्तमा आधारित छ।

ट) **राज्यको दायित्व:** नेपालको संविधान २०७२, दिगो विकासका कार्यसूची (२०१६—२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रुपमा रहेको बाल विवाहको अन्त्य तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ।

## ९. रणनितिको परिकल्पना, ध्यये, लक्ष्य र उद्देश्यहरु :

**क) रणनितिको परिकल्पना:** "बालविवाह मुक्तसमुन्नत मेलौली"

**"मेलौली नगरपालिकाको शान, बाल विवाह मुक्तअभियान"** भन्ने आदर्श वाक्य समेत तयार पारिएको छ।

**ख) रणनीतिको ध्येय:** बालमैत्री एवं लैगिंक समानतामुलक समाजको स्थापनाकालागि बालबालिकाहरुको सशक्तिकरण मार्फत वाल अधिकारको सुनिश्चितता गर्ने।

**ग) रणनीतिको लक्ष्य:** मेलौली नगर पालिकालाई आ व २०८५/०८६ साल सम्ममा बाल विवाह मुक्त नगरपालिका घोषणा गर्ने। (प्रतिवर्ष कम्तिमा पनि २०% का दरले वालविवाह घटाउने)

**घ) रणनीतिका उद्देश्यहरू :**

उद्देश्य१. वालविवाह र हानीकारक परम्परागत प्रचलन विरुद्ध शिक्षा सचेतना लगायतका प्रवर्द्धनात्मक उपायद्वारा वालविवाहका जोखिममा रहेका समुदायका किशोरकिशोरीहरुको शसक्तिकरण गर्ने।

उद्देश्य२. बाल विवाह हुन नै नदिन समुदायमा आधारित समुदाय निगरानी प्रणालीलाईसुदृढ वनाउने।

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

उद्देश्य३.सबै समुदायमा बालविवाह निषेध गर्ने विद्यमान कानूनको कार्यान्वयन तथा परिपालनमा जोड दिइ कानूनी कार्वाहीलाई प्रभावकारी बनाउने ।

उद्देश्य४.बालविवाहबाट प्रभावित एवंम् बालविवाहको जोखिममा रहेका बालबालिकाहरु विशेष गरि बालिकाहरुको संरक्षण गर्दै उनीहरुकोलागि लक्षित सेवा, सुविधा तथा अवसरहरुमा सरल र सजह पहुँचको सुनिश्चितता गर्ने ।

उद्देश्य५. नगरपालिकाको आवधिक योजना, बार्षिक योजना तथा कार्यक्रमहरुमा हानीकारक प्रचलन विरुद्धका कार्यक्रमहरु प्राथमिताका साथ स्थानीय पाठ्यक्रममा समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

उद्देश्य६.बालविवाहको अन्त्य गर्ने अभियानलाई ब्यापकता दिन प्रदेश तथा संघीय सरकार लगायत बिकास साझेदारहरुसंग स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न समन्वय, सहकार्य तथा साझेदारीता अभिबृद्धिमा जोड गर्ने ।

**ङ) रणनीतिका अपेक्षित उपलब्धिहरु :**

१. बालविवाह अन्त्यकालागि आवश्यक निति, रणनिति र निर्देशिकाहरु निर्माण भई विस्तृत कार्य योजना सहित नगरपालिका कार्यान्वयनमा केन्द्रित भएको हुनेछ।

२. बालबालिकाहरुको आधारभुत आवश्यकताहरु (शिक्षा र स्वास्थ्य)को गुणस्तरहरुमा सुधार हुनुका साथै पहुँच वृद्धि भई बालविवाह बार्षिक रुपमा १० प्रतिशतले कमि भई यो रणनितिक योजना अवधिमा बाल विवाह अन्त्य भएको हुनेछ ।

३. घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सो सम्बन्धमा वहन गरिनुपर्ने उत्तरदायित्व बारे सचेतनाको स्तरमा अभिवृद्धि भई बालबालिकाहरुलाई गरिने व्यवहारमा सुधार भएको हुनेछ ।

४. बालबालिकासँग प्रत्येक्ष्य सम्बन्धित सरकारी निकायहरू र गैरसरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।

५. जुनसुकै उमेर र किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ।

६. कक्षा ८ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक–एक ओटा बहिनी वा किशोरी समूह र बाल समुह/संजाल गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालनमा क्रियाशिल रहेका हुनेछन् ।

७. प्रत्येक समुदायमा बालविवाह निगरानी समूहहरुको गठन भई बालविवाह न्यूनिकरणका लागि क्रियाशिल भएको हुनेछन् ।

८. स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय बाल समुह/संजाललाई परिचालन गरिएको हुनेछ ।

## १०. रणनीति तथा कार्यनीति/कार्यदिशा

| प्रवर्द्धनात्मक उपायहरु: (Promotional Measures) | |
|---|---|
| **रणनीति** | **कार्यनीतिहरु** |
| १. पालिकाका सबै वडाहरुमा बाल विवाहको स्थिति अध्ययन र विश्लेषण गरी तथ्यांक प्रणाली विकास र अद्यावधिक गर्ने । | १. सबै वडाहरुमा बालविवाह सम्बन्धि तथ्यांक संकलन र विश्लेषण गरिनेछ ।<br>२. बालविवाहको तथ्यांक प्रणाली विकास र अद्यावधिक गर्न बालविवाह सम्बन्धि तथ्यांक संकलन र विश्लेषण कार्यलाई निरन्तरता दिइनेछ।<br>३. बालविवाह सम्बन्धि तथ्यांक संकलन र विश्लेषण कार्यलाई निरन्तरता दिन महिला, बालबालिका शाखालाई जिम्मेवार बनाइने छ । |
| २. बाल विवाह अन्त्यका लागि शिक्षा विकास तथा समन्वय इकाई र सरोकारवालाहरुको सहकार्यमा पालिकाका विद्यालयमा किशोरकिशोरी मैत्री र लैगिंक मैत्री वातावरण निर्माण गरी किशोरी लक्षित बिशेष प्राविधिक शिक्षा कार्यक्रम लागु गर्ने । | १.विद्यालयमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गरी सुदृढीकरण गरिनेछ ।<br>२. विद्यालयमा स्थापना गरिएका किशोरकिशोरी मैत्री सूचना केन्द्रलाई सक्रिय बनाउनका लागि बार्षिक कार्य योजना निर्माण गरिनेछ ।<br>३. संघीय, प्रदेश सरकार र अन्य सरोकारवालाहरुको समन्वय र सहकार्यमा किशोरी लक्षित बिशेष प्राविधिक शिक्षा कार्यक्रम लागु गरिनेछ । |
| ३. गैर सरकारी संस्थाहरुको सहयोगमा सबै वडाहरुमा बाल विवाहको जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीहरुलाई सचेतना र सीपको माध्यमबाट सशक्तीकरण | १.विद्यालय बाहिर रहेका किशोरकिशोरीहरुको तथ्याकं संकलन गरिनेछ ।<br>२.तथ्याकंको आधारमा आवश्यकता अनुसार सीपमूलक तालीमहरु संचालन गरिनेछन ।<br>३.बालविवाह विरुद्धका सचेतना कार्यक्रम संचालन गरी विद्यालय बाहिर रहेका किशोरकिशोरीहरु शसक्त गरी विद्यालय पुन: भर्ना हुने वातावरण सृजना गरिने छ । |

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

| | |
|---|---|
| गरी बालविवाह विरुद्ध परिचालन गर्ने। | ४.किशोरकिशोरीहरुको समूह गठन गरी बालविवाह विरुद्धको अभियानमा परिचालन गरिनेछ। |
| ४. गैर सरकारी संस्थाहरुको सहयोगमा बालविवाह न्यूनीकरणका लागि आर्थिक सशक्तिकरण, पारिवारिक संरक्षण, अभिभावक सचेतना तथा मानवीय सम्बन्ध सुदृढीकरण कार्यक्रम संचालन गर्ने। | १. बाल विवाह अन्त्यका लागि सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गरिने छ।<br>२. बाल विवाह अन्त्यका लागि अभिभावकहरुका लागि रुपान्तरण प्याकेज संचालन गरिनेछ।<br>३. पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन गरिनेछ। |
| ५. बालविवाह तथा हानीकारक अभ्यासको अन्त्यका लागि बिशेष सचेतना कार्यक्रमहरु अभियानको रुपमा संचालन गर्ने। | १. बालविवाह, चाँडो हुने विवाह बिरुद्ध सामाजिक रुपान्तरणका लागि विभिन्न सचेतनामूलक तथा जागरणमूलक कृयाकलापलाई समुदायस्तरसम्म बिस्तार गरिनेछ।<br>२. बाल विवाह मुक्त टोल, वडा र नगर घोषणा कार्यक्रम संचालन गरिनेछ।<br>३. बाल विवाह अन्त्य अभियान संचालन गर्न पालिका भित्र Role model हरुपहिचान गरी परिचालन गरिनेछ।<br>४. बाल विवाह गर्ने घर परिवारलाई पालिकाबाट प्रदान गर्ने सेवा सुबिधाबाट बञ्चित गरिनेछ। |
| ६. बाल विवाह अन्त्यका लागि समुदायका अगुवा, शिक्षक, धार्मिक गुरु, धामी, झाक्री लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने। | १. धार्मिक गुरु, धामी, झाक्री लगायत सामाजिक अभियन्ताहरु सक्रिय गरिनेछ।<br>२. बाल विवाह अन्त्यकालागि समुदायका अगुवा, शिक्षक, धार्मिक गुरु, धामी झाक्रीकालागि अभिमुखिकरण र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।<br>३. समुदायका अगुवा, शिक्षक, धार्मिक गुरु, धामी झाक्रीहरुलाई बाल विवाह अन्त्यका लागि परिचालन गरिनेछ। |
| ७. बाल विवाह अन्त्यका लागि पालिका अन्तरगत गठन गरिएका बाल क्लब, किशोरकिशोरी सञ्जाल तथा समूह, युवा सञ्जाल, म.स्वा.स्व.से., स्वास्थ आमा समूहलाई सशक्त र परिचालन गर्ने। | १. बाल विवाह अन्त्यका लागि सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गरिने छ।<br>२. युवा सञ्जाल, आमा समूहलाई बाल विवाह अन्त्य सम्बन्धि अभिमुखिकरण र सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।<br>३. आमा समूहका नियमित बैठकहरुमा बाल विवाह अन्त्य सम्बन्धि छलफल र सूसुचित गरिनेछ।<br>४. पालिका अन्तरगत गठन गरिएका बाल क्लब, किशोरकिशोरी सञ्जाल तथा समूह, युवा सञ्जाल, म.स्वा.स्व.से. तथा आमा समूहहरुलाई सक्रिय र सुदृढ गरी बाल विवाह अन्त्यको अभियानमा परिचालन गरिनेछ। |
| **कानूनी कार्बाही (Prosecution)** | |
| ८. जिल्ला र वडा प्रहरी कार्यालयको समन्वय र सहकार्यमा बाल विवाह विरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि समुदायमा आधारित निगरानी प्रणाली निर्माण र सुदृढ बनाउने। | १. बाल विवाह विरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि समुदायमा आधारित निगरानी समूह गठन एवं पुर्नगठन गरिनेछ।<br>२. निगरानी समूहले छलफल संचालन गरी बाल विवाह सम्बन्धि घटनाको सूचना वडा कार्यालय तथा प्रहरी कार्यालयमा जानकारी गराउने।<br>३. बाल विवाह सम्बन्धि घटनाहरु वडासंग समन्वय गरी रोकथामको प्रयार गरिनेछ।<br>४. समुदायमा आधारित निगरानी प्रणाली निर्माण र सुदृढ बनाउन समुदाय, वडा कार्यालय, प्रहरी, जनप्रतिनिधिहरु बीच कार्यमूलक सम्बन्ध बिस्तार गरिनेछ। |
| ९. समुदायमा आधारित निगरानी प्रणालीलाई सुदृढीकरण गरी सो प्रणाली, मनोबिमर्षकर्ता र सामुदायिक मनोबिमर्श कार्यकर्ताहरु मार्फत समुदायमा पारिवारिक संबाद, परामर्श सेवालाई ब्यापकता दिने। | १. पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन गरिनेछ।<br>२. बाल विवाह अन्त्यका लागि मनेबिमर्शकर्ता र सामुदायिक मनोबिमर्श कार्यकर्ताहरु मार्फत समुदायमा पारिवारिक संबाद, परामर्श सेवा संचालन गरिनेछ। |
| १०. जिल्ला प्रहरी कार्यालय र | १. बाल विवाहका घटनाहरुको उजुरी वडा कार्यालय मार्फत न्यायिक समिति र प्रहरीमा |

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

| | |
|---|---|
| सरोकारवालाहरुको समन्वयमा बाल विवाह बिरुद्धको उजुरी प्रकृयालाई सवलीकरण गर्ने । | गरिनेछ । बालविवाहका घटनाहरू रिपोर्ट गर्दा गोपनीयता कायम गरिनेछ ।<br>२.बाल विवाहका घटनाहरुको उजुरीको लागि पालिकामा हट लाइनको ब्यवस्था गरिनेछ ।<br>३. हट लाइनबाट प्राप्त सूचना, उजुरीलाई पालिका मार्फत प्रहरीलाई परिचालन गरिनेछ । |
| **संरक्षण (Protection)** | |
| ११. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको संरक्षण गर्ने । | १. बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुका अभिभावकहरुलाई बाल विवाह सम्बन्धि सचेतना गरिनेछ ।<br>२. बाल विवाहबाट प्रभावित किशोरकिशोरीहरुलाई आवश्यकता अनुसार अल्पकालीन सुरक्षित आवास गृहमा संरक्षण प्रदान गरिनेछ । |
| १२. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको स्वास्थ्य उपचार तथा सामाजिक, आर्थिक सशक्तीकरण गर्ने । | १. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरु मनोसामाजिक परामर्श र स्वास्थ्य उपचार प्रदान गरिनेछ ।<br>२. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुलाई सीपमूलक तालीम प्रदान गरी उनीहरुका लागि रोजगारी सृजना गरिनेछ ।<br>३. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको संरक्षण, सीपमूलक तालीम र ब्यवसाय संचालन सहयोगका लागि छुट्टै अक्षय कोषको ब्यवस्था गरिनेछ । |
| **समन्वय, सहकार्य र साझेदारीता (Coordination, Collaboration and Partnership)** | |
| १३. गैर सरकारी संस्था र सरोकारवालाको सहकार्य, साझेदारीता र क्षमता विकास गर्ने | १. पालिकाको बार्षिक कार्यक्रम संचालनका लागि दातृ निकाय, स्थानीय गैर सरकारी संस्था र सरोकारवालाहरुको सहकार्य र साझेदारीका लागि एकद्वार प्रणालीमा आवद्ध गरिनेछ ।<br>२. बाल विवाह सम्बन्धि संचालित कार्यक्रमको आवधिक र बार्षिक समिक्षा आयेजना गरी कार्यक्रमलाई थप पृष्ठपोषण गरी प्रभावकारी बनाइनेछ । |
| १४. बाल विवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याकंन प्रणालीलाई संस्थागत गर्ने । | १. संचालित कार्यक्रमको आवधिक र बार्षिक प्रतिवेदन तयार गरी सरोकारवालाहरुबीच प्रस्तुत गरी सार्वजनीक गरिनेछ ।<br>२. बाल विवाहका घटना, बाल विवाह बिरुद्ध संचालित कार्यक्रमको अनुगमनका लागि पालिकामा गठित अनुगमन संयन्त्रलाई जिम्मेवार बनाइनेछ ।<br>३. बाल विवाहका घटना, बाल विवाह बिरुद्ध समुदायमा संचालित कार्यक्रमहरुको वडास्तरमा समिक्षा, अनुगमन मूल्यांकन गरिनेछ । |

## ११. कार्यान्वयन , समन्वय र अनुगमन तथा मूल्यांकन :

बालबिवाहको अन्त्य गर्नयस रणनितिलाई कार्यान्वयनमा ल्याउने नेतृत्वदायी भूमिका मेलौली नगरपालिकाले निर्वाहगर्नेछ । यस रणनीति कार्यान्वयनको लागि नगरपालिका स्तरमा अनुसूचि ग मा उल्लेख गरिएको एक विस्तृत कार्ययोजना अनुमोदन गरि लागु गरिनेछ। रणनीति तथा कार्ययोजनाको कार्यान्वयन,सरोकारवालासरकारी,स्थानीयस्तरका विकासका साझेदारहरु, गैरसरकारी संस्थाहरु तथा नागरिक समाजसंगको समन्वय र सहकार्यमाका कार्यान्वयन गरिने छ । रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन मूल्यांकन तथा पृष्ठपोषण प्रदान गर्न देहायअनुसारको नगरपालिका तथा वडा स्तरमा अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ । यसका साथै रणनीति तथा कार्ययोजनाको बार्षिक रुपमा समिक्षा गर्ने र नियमित रुपमा अध्यावधिक गराउँदै लगिने छ ।

**क. नगरपालिका स्तरीय समन्वय, अनुगमन तथा मूल्याङ्कन समिति देहाय वमोजिमको गठन गरि गरिने छ ;**

| | |
|---|---|
| १. नगर उपप्रमुख | संयोजक |
